फोन नं. (Tel.No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

"सबल, सक्षम, सुशासनयुक्त, विकासमुखी स्थानीय सरकार"

# कागेश्वरी मनोहरा नगरपालिका
# Kageshwori Manohara Municipality

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
थली, डाँछी, काठमाडौं (Thali, Danchhi, Kathmandu)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

प.सं.: २०८२/०८३
च.नं. : ८८१

मिति: २०८२/०९/०१

विषयः पूर्व प्राथमिक विद्यालय सञ्चालनको अनुमतिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा, यस नगरपालिका क्षेत्रभित्र पूर्व प्राथमिक विद्यालय खोली सञ्चालन गर्न इच्छुक महानुभावहरूले यही पौष मसान्तभित्र तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी यही पौष मसान्तभित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । अनुमति माग गर्नुअघि शैक्षिक गुठीको विधानको मस्यौदा यस नगरपालिकाबाट स्वीकृत गराई सोसमेत संलग्न गरी पेश गरेको हुनुपर्नेछ । सोका लागि आवश्यक पर्ने फारम कागेश्वरी मनोहरा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट लिन हुन अनुरोध छ। ।

संलग्न गर्नुपर्ने कागजातहरूः

१. शैक्षिक गुठीको विधान र विधान स्वीकृत गरिएको पत्रसमेतको प्रतिलिपि ।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस र सिफारिस दस्तुर तिरेको नगदी रसिद ।
३. पूर्व प्राथमिक विद्यालय सञ्चालनको अनुमतिका लागि गुठियारले गरेको निर्णयको प्रतिलिपि ।
४. घर/जग्गा आफ्नै भए लालपूर्जा/नक्सा पासको प्रतिलिपि/बहालमा लिएको भए कम्तीमा पाँच वर्षको लागि गरिएको कबुलियतनामा (करारनामा) पत्रको प्रतिलिपि ।
५. विद्यालयमा कार्यरत रहने शिक्षक, कर्मचारीको सेवा, शर्तसम्बन्धी विनियमावलीको प्रतिलिपि ।
६. शिक्षकको नियुक्ति पत्र, अध्यापन अनुमति पत्र र शैक्षिक प्रमणपत्र समेतको प्रतिलिपि ।
७. विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको पत्र ।
८. नजीकका २ विद्यालयको सहमति पत्र (No Objection Letter) ।
९. पूर्व प्राथमिक विद्यालय अध्यापन गरिने पाठ्यपुस्तक विवरण ।
१०. प्रस्तावित शुल्क विवरण ।
११. सञ्चालक/गुठियारहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
१२. प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा (नजिकका दुई विद्यालय देखिने गरी),
१३. प्रचलित कानूनले तोकेका भौतिक पूर्वाधारको विवरण ।

२०८२/९/१

पुष्पराज ढकाल
(उपसचिव)